# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक



कसैले पनि जातीय भेदभाव तथा छुवाछुत गर्नु वा गराउनु हुदैन । यदि गरेमा जातीय भेदभाव ऐन बमोजिम सजाए हुनेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



वर्ष–३ | अंक–१८ | २०७५ मंसिर ५ गते बुधबार | 21 November 2018 Wednesday | मूल्य रू. १०/-


## अदालतले द्वन्द्वकालीन मुद्दा बल्झाएको आरोप

**मिसन न्यूज**

**कालिकोट**-जिल्लाको शुभकालिका गाउँपालिका ४ का सिँहबहादुर शाही २०५९ सालमा नेपाली सेनामा भर्ना भए। उनि करिव ५ वर्ष नेपाली सेनामा कार्यरत रहे । तर, तत्कालीन द्वन्द्वले गर्दा ठाउँठाउँमा भिडन्तमा परे। सेनामै कार्यरत भईरहेको अवस्थामा धाधिङको चारौचिमा तत्कालीन माओवादीसंग भिडन्तमा परे । दोहोरो भिडन्तमा माओवादीको कब्जामा परेका थिए । हतियारसहित उनि माओवादीको कब्जामा परेपछि उनले ज्यान जोगाउँन आत्मसमरपर्ण गरे ।

धाधिङको तारादल गणमा कार्यरत उनि माओवादीको नियन्त्रणमा गएपछि छ महिनासम्म सम्पर्क विहिन बने। उनले साथमा लिएको हतियार माओवादीलाई सुम्पीएका थिए। तत्कालीन माओवादी उनलाई कार्वाही स्वरुपमा ६ महिनासम्म खाना पकाउने र भाँडाधुने जिम्मेवारी दिएका थिए। छ महिनासम्मको लामो पिडापछि उनि माओवादीको खाना पकाउने मेशबाट रातारात भागेर भारतको कालापहाड पसे। भारत गएको उनि दुईबर्ष पछि स्वदेश फर्किए। द्वन्द्वको वेला भारत गएका उनि नेपालमा युद्ध विरामको समयमा घर आएका हुन् ।



सिंह वहादुरका श्रीमती र छोराछोरी ।

द्वन्द्वको समयमा हतियारसहित भागेको भन्दै नेपाली सेनाले उनलाई सुत्र ऐन अन्तर्गतको मुद्दा चलायो । तर, मुद्दा चलाएको १५ वर्षपछि उनलाई सैनिक अदालतले सर्वस्व जन्म कैदको फैसला गरेको छ । प्रहरीले उनलाई नेपाली सेनाको हेडक्वाटर पुगाएर हाल उनि केन्द्रिय कारागार सुन्धारा छन् ।

**छोराछोरी र श्रीमतिको विजोग** - यता घरमा उनको श्रीमतीसँग ६ वटा छोराछोरी छन् । ४ छोरा र २ छोरी पालेर वसेकी उनकी श्रीमती सुस्मीता शाहीको अवस्था विजोग छ । जेठो छोरा १२ वर्षको पुग्दा पनि स्कुलमा पढ्न पाएका छैनन् । घरायसी समस्या र गरिबिले थला परेकी सुस्मीतालाई एक छाक टार्न हम्मे(हम्मे हुन्छ । बुधबार पत्रकार सम्मेलन गरेर उनका

बाँकी ८ पृष्ठमा.....

## प्रदेशले बनायो १७ कानुन

**मिसन न्यूज**

**सुर्खेत** - कर्णालीमा प्रदेश संसद् बैठक सुरु भएयता नौ महिनामा १७ वटा कानुन निर्माण भएका छन् । प्रदेशसभाको पहिलो बैठक २१ माघमा बसेको थियो । त्यसयता सम्पन्न पहिलो र दोस्रो अधिवेशनबाट संसद्ले १७ वटा विधेयक पारित गरेको हो । नौ महिनामा प्रदेश संसद्मा २० वटा विधेयक दर्ता भएका थिए । संसद्को पहिलो अधिवेशनमा २२ र दोस्रो अधिवेशनमा ४१ वटा बैठक बसेका छन् । यही अवधिमा प्रदेशको नामकरण र राजधानीको टुंगो लगाएको हो । सभामुख राजबहादुर शाहीले भने, 'दर्ता भएकामध्ये १७ वटा पारित भए, बाँकी ३ वटा विधेयक समितिमा छलफलमा छन् ।' उनले प्रदेशसभाले सन्तोषजनक काम गरेको दाबी गरे । भने, 'हामी नयाँ संरचनामा छौं, हाम्रा लागि यो नयाँ अभ्यास हो । सिक्दै काम गर्दै भए पनि कानुन बनाएका छौं, अब आउने अधिवेशनबाट संसद्ले थप गति लिन्छ ।' संसद्ले प्रदेशसभाका पदाधिकारी, सदस्य तथा प्रदेश मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सेवा-सुविधासम्बन्धी विधेयक पारित

बाँकी ४ पृष्ठमा..

# दुई शिशुको मुटु र कलेजो एउटै

**मिसन न्यूज**

**सुर्खेत** - प्रदेश अस्पताल सुर्खेतमा शरीर जोडिएको जुम्ल्याहा शिशुको जन्म भएको छ । पेटदेखि छातीसम्म जोडिएको दुई शिशुको कलेजो र मुटु भने एउटै छ । कालिकोट रास्कोट नगरपालिकाकी २८ वर्षीया ललिता बुढाको गर्भबाट चिकित्सकहरूले शल्यक्रियामा करीब डेढ घण्टा खर्चिएर शरीर जोडिएको अवस्थामा दुई शिशु (छोरी) निकालेका हुन् । चिकित्सकीय भाषामा 'कन्जोइन टुइन्स' भनिने यस्तो केश अत्यन्त कम (करीब २ लाख जन्ममा) हुने बताइएको





छ । प्रदेश अस्पताल सुर्खेतका डा. रवीन खड्काका अनुसार शरीर जोडिएका दुई शिशुको तौल करीब ५ केजी छ । 'हेर्दा दुवै स्वस्थ देखिन्छन् । दुवै रुने कराउने गर्छन्, दुवैलाई स्तनपान शुरु भइसकेको छ । ती शिशुको मंगलबार पुनः भिडियो एक्सरे गरी स्वास्थ्य अवस्था बुझ्ने तयारी भइरहेको छ । त्यसपछि आवश्यक निर्णय गरिन्छ,' डा. खड्काले भने । सुत्केरी हुने दिन नजिक हुँदै जाँदा केही दिन बुढा दम्पत्ती गर्भजाँचका लागि जिल्ला अस्पताल कालिकोट पुगेका थिए । त्यहाँ एमडीजीपी डा. विज्ञान प्रजापतिले भिडियो एक्सरे गर्दा अश्वाभाविक केश देखेपछि सुर्खेत अस्पतालका लागि 'रिफर' गरेका थियो । केश अश्वभाविक भए पनि सुत्केरी बेथाले आत्तिइसकेकी ललितालाई बाहिर पठाउनभन्दा त्यहि शल्यक्रिया गर्न उपयुक्त हुने ठानेर आफूहरूले त्यो केश ह्याण्डल गरेको डा. खड्काले बताए । डा. खड्काका अनुसार शल्यक्रियाको नेतृत्व गाइनो

बाँकी ८ पृष्ठमा.....

# सूचना लुकाइ : नियतमा खोट

डा. सुरेश आचार्य

अहिले सरकारका प्रवक्ताले बैठकलगत्तै मन्त्रिपरिषद्को निर्णय सार्वजनिक नगर्ने गरी गरेको निर्णय आम नागरिकका बीच आलोचनाको विषय बनेको छ। खासगरी, मिडियाले सूचना पाउने अधिकारको कटौतीका रूपमा यसलाई लिएका छन्। केही पूर्वप्रशासकले यसलाई सकारात्मक माने पनि सूचना आयोगका प्रमुख आयुक्तले पनि सूचना रोक्नु गलत भएको बताएका छन्। तर सरकारले भने सूचनाको परिपक्वताका लागि यस्तो व्यवस्था आवश्यक रहेको र जतिबेला सरकारका निर्णय सार्वजनिक गरिने हो, त्यसबेला फेसबुक लाइभ गर्ने बताएर आफ्नो बचाउ गरेको छ।

यो अभ्यास प्रारम्भ गरेर मन्त्रिपरिषद्का प्रवक्ताले मिडियाका लागि सूचना प्रवाह गरिरहँदा नियुक्ति पाउनेहरूले पदभार ग्रहण गरिसकेका थिए। यसको एउटा मात्रै उदाहरण- खेलकुद परिषद्मा तीन जना सदस्य नियुक्ति सरकारका २२ मध्येको एउटा निर्णय थियो। सरकारका प्रवक्ताले जानकारी गराउनुअघि खेलकुद परिषद्का सदस्यहरूले शपथ लिइसकेका मात्रै होइन, तीमध्येका एकजनालाई खेलकुद मन्त्रीले उपाध्यक्षको पदभार समेत ग्रहण गराइसकेका थिए। मिडियाले अब सूचना मन्त्रीको समाचार छाप्ने कि खेलकुद मन्त्रीको ? अथवा यसलाई कुन खोजी पत्रकारिताको अभ्यास मान्ने हो ? नेपालको संविधान २०७२ को धारा २७ ले भनेको छ- 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ। तर कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिनेछैन।' सूचनाको हकसम्बन्धी ऐन २०६४ को परिभाषा खण्डमा सूचनालाई परिभाषित गर्दै भनिएको छ- 'सूचना' भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी सम्झनु पर्छ। यस्तो सूचना प्रवाहको प्रयोजनका लागि ऐनको दफा ६ अनुसार, सरकारी मात्र होइन, सार्वजनिक सरोकारका सरकारी निजी सबै खालका निकायमा सूचना अधिकारीको व्यवस्था गरिएको हुनुपर्छ। अहिले मुलुकमा प्रवक्ता र सूचना अधिकारी अलग राख्ने अभ्यास पनि भएको छ।

यी दुई पदबीच सामान्य भिन्नता पनि छ। यद्यपि, पार्टी र मन्त्रिपरिषद्ले प्रवक्तालाई नै सूचना अधिकारीका रूपमा समेत प्रयोग गर्दै आएका छन्। संविधानको धारा २७ को प्रतिबन्धात्मक वाक्यांशको व्याख्या गर्दै ऐनको दफा ३ को उपदफा ३ मा सबै सूचना प्रवाह गर्न बाध्य पारिएको छैन। सार्वजनिक निकायमा रहेको सूचना प्रवाह गर्नु नपर्ने सूचीमा (क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्तिसुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, (ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, (ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने, (घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने, (ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने विषय किटान गरिएको छ। ऐनले यो व्यवस्थालाई निर्विकल्प मानेको छैन। यी विषयमा सूचना प्रवाह नगर्दा त्यसको उचित कारण दिनुपर्ने व्यवस्था ऐनको सोही उपदफामा यसरी गरिएको छ- त्यसरी सूचना प्रवाह नगर्नुपर्ने उचित र पर्याप्त कारण भएकामा बाहेक त्यस्तो सूचनाप्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउनेछैन। अहिले सरकारले सूचना केही समयपछि अर्थात् 'परिपक्व' भएपछि मात्र प्रवाह गर्ने भनिरहँदा कानुनले रोक लगाएका प्रकृतिका सूचनाको माग कसैले गरिराखेकै छैन। खेलकुद परिषद्का सदस्यहरूको नियुक्ति कानुनले रोक लगाएको प्रकृतिको सूचना भनेर कसरी मान्ने ? सरकारले प्रवाह गरेका वा गर्न चाहेका हरेक सूचना समाचार होइनन्। सरकारले दिन नचाहेका वा लुकाउन खोजेका सूचना चाहिं समाचार हुन्। त्यसका लागि मिडियाले प्रवक्तासँग माग गर्दैन। आफैं खोज्छ। साँच्चै खोजी पत्रकारिता गर्छ।

सरकारले असल नियतले र नागरिकका पक्षमा गरेका निर्णय लुकाउनुपर्ने कुनै कारण हुँदैन। राजदूतमा नियुक्तिको सिफारिसमा परेका नाममध्ये अन्जान शाक्यको नाम चाहिँ किन सुरुमा आएन ? यसको प्रस्ट कारण हो जसरी विगतमा यो वा अघिल्लो सरकारले गरेका राजदूतका सिफारिस विवादमा आए, फिर्ता लिनुपर्ने अवस्थासमेत बन्यो, अन्जानको नाम पनि विवादित हुनसक्छ भन्ने सरकारलाई थाहा थियो। मिडियाले थाहा पाएपछि केहीले उनको योग्यता र क्षमतामा प्रश्न गरिसके। आखिर संसदीय सुनुवाइ त बाँकी नै छ। मिडियाले नकारात्मक मात्र होइन, सकारात्मक प्रभाव पनि त पार्दो रहेछ। गलत र अयोग्य व्यक्ति मुलुकको दूत भएर जानबाट रोकिनु मिडियाको दुष्प्रभाव हो र ? समाचारको परिभाषा विभिन्न विद्वान्ले विभिन्न ढंगमा गरेका छन्। एउटा परिभाषामा भनिएको छ- सम्पादकले जे दिन चाहन्छ त्यो समाचार हो। समाचार अँगेनाबाट निकाल्दै गरिएको तातो रोटी जस्तो हो भन्ने पनि परिभाषा बनेको छ। समाचार यस्तो सूचना हो, जो भर्खरै भएको छ भन्ने परिभाषाले २४ वा ४८ घण्टा कुर्ने वा पर्खने सुविधा दिँदैन। रोयटर्स समाचार एजेन्सीको समाचारमा आज भन्ने शब्दावली सामान्यतः प्रयोग हुँदैन। उसले कति बजे वा कुन समयमा आएको सूचना वा भएको घटना हो भन्ने मात्र बताउँछ। मिडिया प्रतिस्पर्धामा 'आज' पनि वासी हो। किनकि हरेक घण्टामा मात्र होइन, हरेक मिनेटमा समाचारमा प्रतिस्पर्धा गर्ने प्रविधिको विकासले सूचनामा काम गर्नेहरूका लागि चुनौती दिएको छ। सरकारले सूचनाको महत्व बुझ्न चाहेन। हाम्रो समाजमा कुनै पनि पदको शपथ लिँदा गोपनीयताको पनि शपथ गर्ने चलन छ। त्यसैले यसको वैधानिक शीर्षक नै पद तथा गोपनीयताको शपथ भनिएको हुन्छ। गोपनीयताको आशय त्यो पदमा रहेका बेला गरेका निर्णयबाट पदमा रहे वा नरहेका बेला आफूले कुनै लाभ नलिने वा त्यसको दुरुपयोग नगर्ने भन्ने हो। तर यसलाई सूचना प्रवाहमा जोडेर व्याख्या गरियो। सूचना प्रवाहलाई गोपनीयताको उल्लंघन मानियो। त्यही संस्कृतिको अपव्याख्या मन्त्रिपरिषद्को निर्णयसम्म जोडिन पुग्यो। यो मानसिकता राज्य सञ्चालकहरूमा नराम्ररी गढेको छ। सूचना प्रवाहको संस्कृतिको अभ्यासस्वरूप मन्त्रिपरिषद्का निर्णयहरू सूचना तथा सञ्चार मन्त्रीले दिने चलन सुरु भएको हो।

अझ सरकारका निर्णयबारे विभिन्न भ्रम फैलने गरी मिडियामा समाचार आउन थालेका सन्दर्भमा सरकारले यो अभ्यासको प्रारम्भ गरेको थियो। कतिपय मिडियामा समाचार र सम्पादकीयकै रूपमा समेत यो अभ्यास मुलुकमा गणतन्त्र आएसँगै भएको भनियो। तर यथार्थ यो होइन। कृष्णप्रसाद भट्टाईले अन्तरिम सरकारको प्रधानमन्त्री भएलगत्तै मन्त्रालयहरूमा प्रवक्ताको व्यवस्था गराउनु भएको थियो। बीचमा सूचना कानुन नआउँदासम्म त्यति अभ्यासमा रहेन। यद्यपि मन्त्रिपरिषद्का निर्णय तत्काल सार्वजनिक हुँदैनथे। तर २०५६ सालमा भट्टराईलाई पार्टीगत रूपमा अपदस्थ गरेर गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुनु भएको केही समयपछि प्रवक्ताको व्यवस्था गरिएको हो। प्रधानमन्त्रीले आफ्नो विश्वासपात्र मन्त्रीलाई प्रवक्ता तोक्नुभयो। सायद चक्र बाँस्तोला प्रवक्ता तोकिनु भयो। बैठकलगत्तै नभएर मन्त्रिपरिषद्को बैठकका सूचना सोधेका अवस्थामा प्रवक्ताले दिने चलन थियो। पछि तत्कालीन सूचना तथा सञ्चार मन्त्री जयप्रकाश प्रसाद गुप्ता

बाँकी ८ पृष्ठमा..

## साताको भाग्यफल

**मेष** : प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला।

**वृष** : सुरुमा आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ। खर्च लागे पनि परिवारजनका आवश्यकता पूरा गर्न सकिनेछ।

**मिथुन** : प्रतिष्ठित काम गरेर अवसर हात पार्ने समय छ। आँटले काममा सफलता दिलाउनेछ। आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ

**कर्कट** : प्रारम्भमा अरूका काममा जुट्नुपरे पनि पछि आफैंलाई फाइदा हुनेछ। हिम्मत गर्दा प्रतिष्ठित जिम्मेवारी हातपार्न सफल भइनेछ।

**सिंह** : प्रारम्भमा अस्वस्थताका बीच कामको बोझ बढ्नेछ। अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा केही चुनौती पनि देखिनेछन्।

**कन्या** : सुरुमा रमाइला ठाउँको यात्रा गर्ने अवसर जुट्न सक्छ। प्रियजनसँग भेटघाट हुनेछ भने आतिथ्यपूर्ण सम्मान पनि प्राप्त हुनेछ।

**तुला** : प्रारम्भमा गरिएको पुरुषार्थी कामले धन र मानसमेत दिलाउनेछ। जुझारु कार्यशैलीले प्रतिस्पर्धीहरूको मनोबल कमजोर हुनेछ।

**वृश्चिक**: आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। आँटले चिताएको काम सम्पादन हुनेछ। अध्ययनतर्फ मिहिनेतले राम्रै उपलब्धि दिलाउन सक्छ।

**धनु** : ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउन सक्छन्। उपलब्धिका लागि समय प्रतीक्षा गर्नुपर्ला। श्रम परे पनि घरेलु कामकाज भने सम्पादन हुनेछन्।

**मकर**: प्रारम्भमा आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। प्रतिष्ठित काम गरेर अवसर हातपार्ने समय छ।

**कुम्भ** : प्रारम्भमा बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत प्राभाव पर्न सक्छ। प्रतिस्पर्धीहरूले अप्ठ्यारो समयमा दुस्ख दिन सक्छन्।

**मीन** : इच्छाशक्ति बढ्नुका साथै लक्ष्य प्राप्त गर्ने साहस जुट्नेछ। सरल जीवन शैलीले धेरैलाई प्रभावित पार्न सकिनेछ।

# 'अपराधिलाई कारबाही गर्न सरकार असफल'

**मिसन न्युज**

**कालिकोट -** नेपाल महिला संघकी केन्द्रीय महासचिव धना खतिवडाले बर्तमान सरकार अपराधिलाई कारबाही गर्ने पछि हटेका बताएकी छन् । नेपाल महिला संघ कालिकोटले शुक्रवार आयोजना गरेको अगुवा कार्यकर्ता भेटघाट तथा अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै खतिवडाले बताएकी हुन्। राष्ट्रियय सभा सदस्य समेत रहेही महिला नेतृखतिवडाले कन्चनपुरकी १३ बर्षिया बालिका निर्मला पन्तका बलात्कार गर्ने हत्यारालाई कारबाही गर्न सरकार असफल भएको बताएकी छन् ।

उनले अहिले मुलुकमा नाबालिकादेखी बृद्ध महिलासम्म बलात्कार लगायतका जगन्य अपराधका घटनाहरु बढ्दै गएको बताइन्। जगन्य अपराध न्यूनिकरणका लागि सरकारले ठोस पहल लिन नसकेको उनको आरोप छ । उनले भनिन्, 'मुलुकमा जगन्य अपराधका साथै दण्डहिनता बढ्दै गएको छ । सरकार यस्ता अपराधिहरुलाई खोजी गरी कानुनी दायरामा ल्याएर कारबाही गर्न असफल भएको छ।' कन्चनपुरकी निर्मला पन्तको बलात्कार पछि हत्या भएको चार महिना बितिसक्दा पनि अपराधि पत्ता नलागेको बताउदै बलात्कारीलाई कारबाहीको माग गर्ने नागरिकहरु माथि नै दमन गर्न लागेको उनले आरोप लगाईन् । नेतृ



अगुवा कार्यकर्ता भेटघाटमा सम्वोधन गर्दै महिना नेतृ धना खतिवडा।

खतिवडाले बर्तमान सरकारले नागरिकहरुलाई समृद्धिको सपना बाँडेपनि परिणाम आउने गरी काम गर्न नसकेको दाबी गरिन् । उनले भनिन्, 'नेकपाका अध्यक्ष समेत रहेका केपी शर्मा ओलीको सरकारले खुसी नेपाली, समृद्ध नेपालको नारा मात्र बाँडेको छ । लोकप्रिय नारा दिएर नागरिकको आँखामा छारो हालेको छ । ससमृद्धि ल्याउने खालको काम एउटा पनि गर्न सकेन ।' उनले दुई तिहाई बहुमतको सरकारले मुलुकको विकास निर्माण र जनजीविकाका सवालहरुमा ठोस कदम चाल्नुको साटो दुई तिहाईको दम्ब देखाएर नागरिक माथि उल्टै दमन गर्दै आएको बताईन्। उनले बर्तमान सरकार यातायात क्षेत्रमा रहेको सिण्डीकेट अत्य गर्न नसकेको, काम चोर निर्माण व्यवसायीलाई कानुनी दाययरामा ल्याउन नसकेको, यातायात भाडादर बृद्धिका साथै मुलकमा भएको चर्को मुल्य बृद्धि नियन्त्रण गर्न नसकेको आरोप लगाईन् । उनले अब नेपाली कांग्रेसले स्थानिय तहदेखी केन्द्रसम्म सशक्त प्रतिपक्षको भुमीका खेल्ने बताईन् ।


## सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## कर्णाली प्रदेशले बनायो ....................

गरिसकेको छ। यस्तै, नौ महिनामा प्रदेश ऋण उठाउनेसम्बन्धी विधेयक, गाउँसभा तथा नगरसभाका कानुन निर्माण प्रक्रिया सम्बन्धमा बनेको विधेयक, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवासम्बन्धीलगायत विधेयक पारित भएको संसद् सचिवालयका सचिव दिनेश भट्टले जानकारी दिए। सहकारीसम्बन्धी विधेयक, सामाजिक संघसंस्था सञ्चालनसम्बन्धी विधेयक र प्रदेशसभा सचिवालय व्यवस्थापनसम्बन्धी विधेयक समितिमा छलफल क्रममा रहेको सचिवालयले जनाएको छ । कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले नौ महिनाको अवधिमा प्रदेशसभाले सन्तोषजनक काम गरेको दाबी गरे । उनले भने, 'कर्णालीमा सत्ता र प्रतिपक्ष छैनन्, हामी समृद्ध कर्णालीको पक्षमा छौं। कर्णालीको प्रतिपक्ष भनेका गरिबी र अभाव हुन्, हामीले यसविरुद्ध लड्नुपर्नेछ।' नेकपाका सांसद यामलाल कँडेलले कर्णालीको समृद्धिका लागि संसद्ले नेतृत्वदायी भूमिका खेल्नुपर्ने बताए । सदनलाई थप क्रियाशील बनाउनेतर्फ लाग्नुपर्नेमा उनले जोड दिए ।

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्वारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

**तिलागुफा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

#### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

#### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method )
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय**
**कालिकोट**

# स्वास्थ्य

## एन्टिबायोटिकको सेवनले स्वास्थ्यमा पार्छ असर



सामान्य रुघाखोकी लाग्दा पनि मानिस हरू आफूखुसी एन्टिबायोटिकको प्रयोग गर्ने गर्छन् । बिरामी भएर अस्पताल पुग्दासमेत चिकित्सकहरूले पहिला बिरामीको हातमा थमाउने औषधिमध्ये प्रमुख औषधिमा पर्छ एन्टिबायोटिक । यसरी जथाभावी एन्टिबायोटिको प्रयोग बढ्दै जाँदा विविध रोगका लागि सेवन गरिने औषधिले काम नै नगर्ने अवस्था आउने भन्दै सचेत हुन चिकित्सकहरूले आग्रह गरेका छन् । एन्टिबायोटिक औषधिको प्रयोगप्रति बिरामी आफैं सचेत नहुने र चिकित्सकले पनि यसको प्रयोगबारे राम्रोसँग जानकारी नदिनाले दुरुयोग बढेको चिकित्सकहरूको भनाइ छ। चिकित्सकको सल्लाहबिनै आफूखुसी एन्टिबायोटिक खाने प्रचलनले दुरुपयोग बढेको त्रिवि शिक्षण अस्पतालका फर्माकोलोजिस्रुट विभागका सहप्रध्यापक डा. सतीशदेवको भनाइ छ। उनले भने, 'सामान्य भाइरल संक्रमण हुँदा पनि आफूखुसी एन्टिबायोटिक किनेर खाने, चिकित्सकले दिएको एन्टिबायोटिक पूरा नखाने र सानो सानो संक्रमणमा पनि चिकित्सक हरूले बिरामी लाई एन्टिबायोटिक खान सिफारिस गर्ने हुँदा यसको दुरुपयोग बढेको हो यस्तै हो भने भविष्यमा हामीले खाने औषधिले शरीरमा राम्रो प्रभाव पार्ने सम्भावना कम हुँदै जान्छ ।' सामान्यतया एन्टिबायोटिक औषधि ३ वा ५ दिनदेखि ७ दिनसम्म खान पर्ने भए पनि बिरामीले एक दुई दिनमै खान छोड्ने, छिटो सन्चो हुने विश्वासले आवश्यकभन्दा धेरै एन्टिबायोटिक खाइदिने र डाक्टरले पनि यसले पार्ने असरबारे नबताउने गरेका कारण पनि यसको दुरुपयोग बढेको डा सतीशदेवको तर्क छ । **कृषिमा पनि दुरुपयोग हुँदै छ एन्टिबायोटिक-**औषधि औषधिकारूपमा जसरी एन्टिबायोटिकको दुरुपयोग भइरहेको छ । त्यस्तै, गरेर यसको धेरै दुरुपयोग कृषि र पोल्टी फर्महरूमा हुने गरेको डा देवले बताए। कुखुराको वृद्धि छिटो होस् भन्ने उद्देश्यले इन्जेक्सनमार्फत एन्टिबायोटिक औषधि दिने र पछि मानिसहरूले त्यही कुखुराको मासु सेवन गर्दा यसले मानव स्वास्थ्यमा पनि हानि पुग्ने गरेको डा. देवले बताए । यसरी एन्टिबायोटिकको दुरुपयोग बढ्ने हो भने भविष्यमा हाल प्रयोग भएका एन्टिबायोटिकले समेत काम नगर्ने जोखिम बढ्ने उनको भनाइ छ। अनावश्यक एन्टिबायोटिक औषधि प्रयोग गर्दा रोगको ब्याक्टेरियाले आफ्नो स्वरूप परिवर्तन गर्ने हुनाले एन्टिबायोटिकले समेत काम नगरेर बिरामीको मृत्यु हुने खतरा हुन्छ। हाल त्रिवि शिक्षण अस्पतालको आकस्मिक कक्षमा आउने ९५ प्रतिशत बिरामीले पहिले नै आफूखुसी एन्टिबायोटिक प्रयोग गरेको पाइएको समेत उनले बताए । **एन्टिबायोटिक र यसको अनावश्यक प्रयोगले हुने असर-** बिरामीको शरीरमा भएको ब्याक्टेरियालाई मार्न वा शरीरमा थप संक्रमण फैलिनबाट रोक्न प्रयोग गरिने औषधिलाई एन्टिबायोटिक भनिन्छ । भाइरसले गर्दा हुने संक्रमण रुघाखोकी, घाँटी खस्खसाउने जस्ता भाइरसजन्य संक्रमणमा एन्टिबायोटिकको प्रयोग गर्नुहुँदैन ।

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**महावै गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

# अर्गानिक खान्कीको माग बढ्दो, उत्पादन घट्दै

**मिसन न्यूज**

**जुम्ला -** कर्णालीमा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा यहाँको अर्गानिक खान्की पर्न थालेको छ । कालिकोट, जुम्ला हुँदै मुगुको रारा जाने पर्यटक समेत जुम्लामा रहँदा अर्गानिक खाना नै रुचाउँछन् । पछिल्लो समय यहाँका अधिकांश होटलमा पर्यटकहरुको मुख्य रोजाइ नै अर्गानिक खाना पर्न थालेको छ । जुम्लाको मार्सी चामलको भात, सिमी, स्याउ, स्याउको चाना र ब्राण्डी, ओखर, फापरको पीठो, कोदाको पीठो, मकै, गहुँ, आलु, गेडागुडी र अन्य फलफूल लगायत अर्गानिक खानाको माग बढ्न थालेको हो ।

यहाँ घुम्दा अर्गानिक खाना खाने र फर्केर जाँदा पनि अर्गानिक उत्पादन किनेर लैजाने चलन बढेको हो । पर्यटकको माग अनुसार स्थानीय होटल व्यवसायीले समेत अचेल मार्सी चामल, सिमी, स्याउको चाना लगायत खान्कीलाई आफ्नो 'मेन्यु'मै समावेश गर्न थालेका छन् । 'अधिकांश पर्यटकहरु मार्सी चामलको भात नै खान खोज्छन्,' होटल व्यवसायी कृष्णबहादुर रावलले भने । मार्सीको भात बाहेक अधिकांश पर्यटकहरुले अर्गानिक सिमीको दाल, मह, घ्यू, दही जस्ता परिकार अर्डर गर्ने गरेको व्यवसायी रावलको अनुभव छ । यसरी अर्गानिक उत्पादन तथा परिकारको माग बढ्न थालेको २ वर्षजति भएको होटल व्यवसायीहरुको



अर्गानिक खान्की बिक्री गरिँदै ।

अनुभव छ । सदरमुकामा 'तिला अर्गानिक पसल' संचालन गर्दै आएकी तिलादेवी विष्टले पर्यटकहरुलाई मार्सी चामल पुर्याउन नै धौ धौ भएको बताइन् । उनका अनुसार पर्यटकहरु यहाँबाट कोसेलीको रुपमा अर्गानिक उत्पादन धेरै लैजाने गरेको बताउँछिन् । जिल्ला कृषि विकास कार्यालयका विज्ञ वालकराम देवकोटाकाले हरेक वर्ष जिल्लामा अर्गानिक परिकार सप्लाइ गर्ने चलन बढेको बताए । 'अर्गानिक उत्पादनबाट जिल्लामा हरेक वर्ष करोडौं रकम भित्रिएको छ, अझै यसलाई बढवा दिनुपर्छ' देवकोटाले भने । जिल्लामा अहिले अर्गानिक बस्तुको लेबलिङ, प्याकेजिङ र यसको महत्वबारे प्रचार प्रसार हुन थालेपछि स्थानीयले पनि अर्गानिक खान्कि बेचेरै राम्रो पैसा कमाउन थालेका छन् ।

**माग बढी, उत्पादन कम**

अर्गानिक उत्पादन तथा खानाको माग बढे पनि जुम्लामा व्यवस्थित रुपमा यसको उत्पादन भने घट्दो छ । जिल्लाभर अर्गानिक अन्न तथा फलफूलको कुल उत्पादन नबढेको हो । बजार क्षेत्रमा केही अर्गानिक उत्पादन बिक्रीका लागि राख्न थाले पनि कुल उत्पादन घट्न थालेको कृषि कार्यालयको भनाइ छ । कृषि कार्यालयका अनुसार खेतीयोग्य जमिनमा अव्यवस्थित शहरीकरण, जलवायु परिवर्तन तथा कृषि पेशाप्रतिको बितृष्ण यसको मुख्य कारक हो । कृषि कार्यालयले सार्वजनिक गरेको एक तथ्यांक अनुसार चन्दननाथ नगर क्षेत्रको २० रोपनी बढी खेतीयोग्य जग्गामा घर निर्माण भएपछि वार्षिक उत्पादनमा कम्तीमा ५० मेट्रीक टन उत्पादन घटेको छ । **उत्पादनमा चासो** -अव्यवस्थित सहरीकरणले पनि उत्पादनमा ह्रास ल्याएको भन्दै यसबारे जिल्लाका अगुवाहरुले चिन्ता भने गर्न थालेका छन् । नागरिक समाज जुम्लाका अध्यक्ष राजबहादुर महत भन्छन्, 'देशभित्र र विदेशमा समेत यहाँको उत्पादनको माग बढ्दो छ ।

बाँकी ८ पृष्ठमा..

मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवाौं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

नरहरिनाथ गाउँपालिका
कालिकोट

स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

प्रमुख प्रशासकीय अधिकृत
सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय
कालिकोट

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।

रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

पचाल झरना गाउँपालिकाको कार्यालय
कालिकोट

# अन्तराष्ट्रिय न्युज

## तालिबानसँग सन् २०१९मा शान्ति सम्झौता हुन्छ



**काबुल -** अफगानिस्तानका लागि अमेरिकी विशेष दूतले विद्रोही तालिबानसँग सन् २०१९ को अप्रिल महिनामा शान्ति सम्झौता हुनसक्ने बताएका छन् । अमेरिकी विशेष दूत जाल्मे खालिलजादलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमका आइतबार यस्तो उल्लेख गरेका हुन् । संयुक्त राज्य अमेरिका, तालिबान र अफगान सरकारबीचको वार्तालाई नेतृत्व गर्न हाल काबुलमा रहेका विशेष दूत खालिलजादले सञ्चारमाध्यमलाई अर्को वर्षको अप्रिल २० सम्ममा तालिबान विद्रोहीसँग शान्ति सम्झौता हुनसक्ने बताएका हुन् । यही समयमा अफगानिस्तानले भने राष्ट्रपतीय निर्वाचनको तयारी गरिरहेको छ । अफगानिस्तानमा जन्मिएका अमेरिकी कूटनीतिज्ञ खालिलजादले आफू तालिबानसँगको शान्ति वार्तालाई लिएर अत्यन्तै आशावादी रहेको समेत बताएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनद्वारा तालिबानसँग सिधैं वार्ता गर्नका लागि नियुक्त गरिएका खालिलजादले अतिवादी इस्लामिस्ट समूह तालिबानका नेताहरुलाई गत महिना दोहामा भेटेका थिए । उनले अफगानिस्तानमा १७ वर्षदेखि जारी युद्धलाई अन्त्य गर्नका लागि आवश्यक माध्यम पत्ता लगाउनका लागि तालिबान विद्रोहीका नेताहरुसँग भेट गरेको वासिङ्टनले बताएको छ । तालिबान सँगकोवार्ताको अन्त्यले अफगानिस्तानमा शान्ति कायम हुने र अफगानिस्तान सफल हुने खालिलजादले आइतबार सञ्चारकर्मीसँग बताए । उनले तालिबान सँगको वार्तापछि अफगानिस्तानभित्र र विश्वमा कुनै पनि चुनौती खडा नगर्ने जिकिरसमेत गरेको समाचार एजेन्सी रोयटर्सले उल्लेख गरेको छ । अर्को वर्षको अप्रिल महिनाको २० गतेसम्ममा तालिबानसँग शान्ति सम्झौता हुने भनेर अमेरिकी विशेष दूतले जिकिर गरे पनि यस विषयमा तालिबानले भने तत्काल कुनै प्रतिक्रिया जनाएको छैन ।

# ज्ञानमाला

१.जैबिक बिबिधता सम्बन्धी सन्धी कुन सम्मेलनमा प्रस्तुत गरियो ?
- रियो सम्मेलन

२.पातहरु हल्लिदा कति डेसिबल ध्वानी उत्पन्न हुन्छ ?
-१० डेसिबल

३.जटाँयु रेष्टुराँ भनेको के हो ?
- गिद्ध संरक्षण र सम्बर्द्दन गर्ने कार्य

४.सन १९८७ मा ब्रुट्ल्याण्ड कमिसनले पेस गरेको प्रतिबेदनको नाम के हो ?
-हाम्रो साझा भविष्य

५.जैबिक बिबिधतामा नेपाल बिश्वको कतिऔ स्थानमा छ ?
-२५ औ

६.नेपालमा कति प्रजातिका चराहरु संरक्षित गरिएका छन ?
- ९ प्रजाती

७.सर्बप्रथम एडस कुन महादेशमा पत्ता लागेको हो ?
- अफ्रीका

८.जनगणना २०५८ अनुसार नेपालमा महिला र पुरुषको अन्तर कति थियो ?
-२३,५८१

९.ग्रीन पिसको स्थापना कहिले भएको हो ?
- सन १९७१

१०.ओजन तह पृथ्विको सतहबाट कति माथी रहेको छ ?
-२५ देखी ४० किमि सम्म

११ पृथ्वी दिवस कहिले मनाइन्छ ?
- अप्रील २२

१२.सबैभन्दा पछि स्थापना गरिएको राष्ट्रीय निकुञ्ज कुन हो ?
- बाँके राष्ट्रीय निकुञ्ज

१३.जैविक विविधतालाई कति भागमा बिभाजन गरिएको छ ?
- ३

१४.नेपालको राष्ट्रीय जनगणना कति कति वर्षमा लिने गरिन्छ ?
- प्रत्येक १० वर्षमा

१५.मानव शरिरमा रातो रक्तकोषको कमिले कुन रोग लाग्दछ ?
- रक्तअल्पत्ता

१६.भिजन २००५ के संग सम्बन्धित छ ?
- पर्यटन

१७.युरो - १ के संग सम्बन्धित छ ?
- सवारिसाधन

१८.नेपालमा संरक्षित,स्तनधारि, बन्यजन्तुको सङ्ख्या कति छ ?
-२७


## रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

रास्कोट नगरपालिका कार्यालय
कालिकोट



एक घर एक करेसावारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥

पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट



## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्‌कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# चामलका लागि दश दिन पैदल यात्रा

**मिसन न्यूज**

**मुगु –** हुम्लाको सर्केगार्ड गाउँपालिका-२, उनपानीकी ४५ वर्षीया कन्नसिला फडेरा आवश्यक बन्दोबस्ती सामग्री पिठ्युमा बोकेर पाँच दिनपछि गमगढी आइपुगेकी छिन् । गमगढीबाट खसी र भेडामा चामल बोकाएर घर पुग्न उनलाई थप पाँच दिन लाग्नेछ। उनीसँगै चामल लिन आएकी गाउँकै ५० वर्षीया भ्याल्ली फडेरी पाँच क्विन्टल चामल लिएर गाउँ फर्किने तयारीमा छिन्। यी दुईमात्र होइन, हुम्लाको सर्केगार्ड र चंखेली गाउँपालिकाका बासिन्दा चामल लिन १० दिन पैदल हिड्न बाध्य छन् । मुगुबाट दुस्खकष्ट गरेर लिएको चामल एक महिना पनि नपुग्ने उनीहरुको गुनासो छ। स्थानीयलाई मुगु सदरमुकाम गमगढी आएर चामल लिनुको विकल्प छैन । स्थानीयका अनुसार सर्केगाड डिपोमा चामल ढुवानी नभएको लामो समय भयो। स्थानीयलाई सिमकोट पुग्न तीनदिन लाग्छ तर, त्यहाँ पनि चामल नपाइने भएकाले अधिकांश बासिन्दा मुगु आउने गरेका छन् । गमगढीमा प्रतिकिलो ५० रुपैयाँ पाइने चामल गाउँ पुग्दा दुईसय रुपैयाँ पुग्ने स्थानीयको भनाइ छ । 'गाउँमा अन्न उत्पादन र सडक सुविधा नहुँदा चामल बोक्दै पिठ्यु फाटिसक्यो,' कन्नसिलाले भनिन्, 'पानी परे बालीमा रोग लाग्छ, खडेरी परे बाली सुक्छ ।' उनीहरुले गमगढीस्थित खाद्य संस्थानबाट प्रतिकिलो ५० रुपैयाँमा करिब एक महिनालाई पुग्ने चामल खरिद गरेका हुन् । गाउँबाट आउँदा बाटोभरी पुग्ने खाद्यान्न र अन्य सामग्री आफूले तथा चामल खसी भेडाले बोक्ने गरेको उनीहरुको भनाइ छ । दुबैले यस वर्ष चार पटक चामल लिन गमगढी आइपुगेको जनाए । हवाई मार्गबाट ढुवानी भएको चामल हुम्ला सदरमुकाम आसपासका बासिन्दालाई पुग्दैन। सडक सुविधा नहुँदा अधिकांश गाउँमा चामलको ढुवानी समस्या छ । मंसिर पहिलो साताहेखि हुम्लाका बासिन्दालाई चामल ओसार्ने चटारो हुन्छ । जडिबुटी व्यापारबाट आएको रकम चामल खरिदमै सकिने गरेको स्थानीयले बताए । विगत वर्षमा खसी र भेडा लिएर चामल लिन अछामको साँफेबगर जाने हुम्लाका बासिन्दा चार वर्षदेखि मुगुको भर पर्न थालेका छन्। 'नेताहरु भोट माग्न आउँदा चामल र नुन गाउँमै पुऱ्याइदिन्छौं भन्छन्, तर जितेर गएपछि वास्ता गर्दैनन्,' भ्याल्लीले भनिन्, 'कहिलेकाहि बाटैमा महिनावारी हुन्छौ, निकै सास्ती भोग्नुपर्छ।' खसी र भेडामा बोकाएको चामलले मुस्किलले एक महिना पुग्ने गरेको उनको भनाइ छ। हिमपात र वर्षाको बेला बाटोमै चामल भिज्ने गरेको हुम्लीको गुनासो छ । 'गाउँमा अन्न उब्जिन्न, चामल बोक्दै जुनी बितिसक्यो,' उनापानीकै बिष्णु फडेराले भने, 'सिमकोटमा गए चामल पाइदैन, बालबच्चा पाल्न यहाँ आएर भेडामा चामल ढुवानी गर्नुपर्ने बाध्यता छ ।' सोमबारमात्रै उनपानीबाट

बाँकी ८ पृष्ठमा..



मुगुस्थित खाद्य संस्थानबाट चामल खरिद गर्दै हुम्लाका बासिन्दा ।


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं। रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाें जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## अदालतले द्वन्द्वकालीन मुद्दा...............................

आफन्तले द्वन्द्वकालीन मुद्दालाई लिएर नेपाली सेनाको अदालतले गरिबलाई पीडा दिएको सुनाए । तत्कालीन समयमा मान्छे मारेका हाल देशको उच्च सरकारी पदमा भए पनि गरिबको पहुँच नभएकाले झनै पिडा दिएको सिँहका दाजु नन्दबहादुर शाहीले दुःखेसो पोखे । श्रीमानको जेल चलानले घरपरिवा विक्षिप्त बनेका छन् । द्वन्द्वमा १७ हजार नेपाली ज्यान गयो कयौं घाइते बनेका भए पनि गरिबलाई मात्र कानुन लागेको पीडितको गुनासो छ । जेलमा परेको श्रीमानलाई तत्काल जेल भक्त गर्न सुस्मीताले सम्वन्धित निकायसँग माग गरेकी छन्

## चामलका लागि दश दिन पैदल............................

उनीसहित १४ जनाको टोली गमगढी आइपुगेका छन् । हुम्लाका बासिन्दाको चामल ओर्सानेे दिन सुरु भएको खाद्य संस्थानका शाखा प्रमुख भरतराज खनियाले बताए । सोमबारमात्रै हुम्लीले संस्थानको गोदामबाट २५ क्विन्टल चामल किनेको उनले जनाए । उनका अनुसार मुगुस्थित खाद्य संस्थानको ५० प्रतिशत चामल हुम्ला जाने गरेको छ । बालबालिकासमेत चामल ओसार्न आउने गरेकाले पठनपाठन प्रभावित हुने गरेको छ । कान्तिपुरबाट

## दुई शिशुको मुटु र......................................

सर्जन डा. राजिव साहको नेतृत्वमा भएको थियो । उनलाई डा. महेश पौडेल (जीपी रेजिडेन्ट)ले सघाएका थिए । एनेस्थेसियामा डा. रोविन खापुङ लागेका थिए । त्यस्तै नर्सहरू ज्ञानु, रञ्जनासमेतको सक्रिय खटाइ थियो । त्यस्तै प्याडियाटिक डा. नवनीत रौनियार,डा. नामो शाक्य, नर्सहरू विनिता बस्याल, कल्पना थापा, सुस्मिता विसि, हेना गुरुङलगायत शल्यक्रियापछिको उपचार तथा स्याहारमा खटिएका छन् ।

## अर्गानिक खान्कीको माग...............................

तर उत्पादनमा चासो कसैले दिएको छैन ।' युवाहरुले अर्गानिक खेतीलाई व्यवसायीक रुपमै विकास गर्नुपर्ने महतको तर्क छ । चन्दननाथ नगरपालिका मेयर कान्तिका सेजुवालले पर्यटन विकास र अर्गानिक उत्पादनका लागि खेतीयोग्य जमिनमा अव्यवस्थित रुपमा भवन निर्माण गर्न नदिने तयारी गरिएको बताएकी छन् ।


### क्षयरोग (टि.बी.) का लक्षणहरु

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।, २. साँझ पख सधै ज्वरो आउनु ।, ३. खाना खान मन नलाग्नु ।,४. तौल(वजन) घट्नु । ५.खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।**

**पचाल झरना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कालीकोट**


## सूचना लुकाइ : नियतमा..............................

मन्त्रिपरिषद्को प्रवक्ता तोकियो र नियमित सूचना प्रवाह गर्न थालियो । संयोगवश यो प्रसंगमा म पनि जोडिएको छु । मन्त्री गुप्तालाई सञ्चार मन्त्री नै प्रवक्ता बन्नुपर्छ भन्ने सुझाव मेरो थियो । पत्रकार महासंघको सभापति भएका कारण गुप्ताले मेरो कुरालाई सकारात्मक रूपमा लिनुभयो होला । प्रधानमन्त्रीलाई सम्झाउने काम त मन्त्री गुप्ताले आफैँ गर्नुभयो । मन्त्रीका भनाइमा सूचनालाई व्यवस्थित गर्न चाहेको भन्ने देखिन्छ । तर यथार्थमा सूचनालाई फिल्टर गर्न सरकारले चाहेको आम नागरिकको बुझाइ रहेको छ । सरकारका सबै निर्णय मिडियाले उठाउनै पर्छ भन्ने छैन । सरकारका २२ वटा निर्णयमा २० वटा नागरिकको प्रत्यक्ष सरोकारका विषय नहुन पनि सक्छन् । मिडियाले आफ्नो एंगलबाट समाचार सम्प्रेषण गर्छ । मिडिया हाउसको प्रकाशन वा प्रसारण नीतिले पनि समाचार छनोट गर्छ । सम्पादकलाई त्यसै गेट किपर भनिएको होइन । त्यसैले मिडियाले यो किन दिएन भनेर सरकारले भन्ने होइन । सूचना सही भयो कि भएन भन्ने चाहिँ मूल प्रश्न हो । सरकारी सबै सूचना प्रवाह गर्न मुखपत्र नै निकाल्नु पर्छ । सरकारी स्वामित्वको हुँदाहुँदै पनि गोरखापत्रले पनि सबै निर्णय छाप्न सक्छ जस्तो लाग्दैन । अहिलेको जमानामा वेबसाइट नै उत्तम विकल्प हो । सरकारले गलत पनि गर्न सक्छ । राज्यका अरु निकायले पनि गलत गरिरहेका हुन्छन् । कहिले नियतवश गरिएका गल्ती हुन्छन् । कहिले नजानेर नबुझेर गल्ती गर्छन् । गलत गरेको कुराको मिडियाले खबरदारी गर्ने भएर नै पत्रकारितालाई चौथो अंग भनिँदै आएको हो । त्यसैले कसैले आफूलाई निर्विवादित र निर्विकल्प सोच्नु आफैँमा गलत हो । मिडियालाई जिम्मेवार बनाउने बहस थालौं, तर सूचना लुकाएपछि मिडिया स्वतः जिम्मेवार हुन्छ भन्ने सोच्नु गलत हो । नागरिकबाट


### बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाइन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

**हाम्रा विशेषताहरु**

– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्रीउत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

**फोन** : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
**इमेल** : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
MISSION News National Weekly राष्ट्रिय साप्ताहिक
www.missionenews.com

सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल. कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. - ०८७-४४०२४२, ९८४८०४९४५५,९८६८३१५३५३ , इमेल : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com मुद्रणः ईश्वर अफ्सेट प्रेस खाँडाचक्र-१, कालिकोट